# आठविसकोट नगरपालिकाको वस्तुगत विवरण
# (Municipal Profile)
## तयार गर्ने कार्यको लागी

# कार्यशर्त विवरण
# (Terms of References TOR)

## आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, राडीज्युला, रूकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

नि. प्रमुख प्रशासकीय अधिकृत

# १.पृष्ठभुमि

योजनाबद्ध तथा दिगो विकासका लागि सूचकमा आधारित विकास योजनाहरु तर्जुमा हुनुपर्ने मान्यता बलियो हुँदै गएको छ । वास्तवमा तथ्यपरक सूचना तथा तथ्याकंले विकासको उपलब्धिको मापन गर्न तथा विकास योजनाहरु कुन हदसम्म सम्बन्धित क्षेत्रमा निद्रिष्ट गर्नुपर्ने हो सोको आंकलन गर्न मद्दत पुग्दछ । तथ्यमा आधारित योजना तथा कार्यक्रमहरुले क्षेत्रीय, जातीय, वर्गिय तथा लैङ्गिक सन्तुलन कायम गर्न तथा समावेसी विकास पद्धतिलाई संस्थागत गर्न समेत मद्दत गर्दछ । नयाँ गठित स्थानीय तहहरूले जनताको सबैभन्दा नजिकमा रही स्थानीय विकास तथा सार्वजनिक सेवा प्रवाह गर्ने अवसर पाएका छन । उक्त अवसरको सदुपयोग गर्न तथ्यमा आधारित योजना निर्माण गर्नुपर्दछ जसको लागि तल्लो तह सम्मको तथ्यांक आवश्यक पर्दछ । नयाँ परिवर्तित स्थानीय तह अनुसार तथ्यांकहरूलाई अद्यावधिक गरी प्रस्तुत गर्ने दायित्व हरेक स्थानीय तहको हुन्छ । प्रोफाइल तयार कार्यले सरकारी, सार्वजनिक तथा निजि क्षेत्रहरूबाट नगरमा भएका विकासका प्रयासहरूलाई मापन गर्न र भावी कार्यक्रमका लागि लक्षित क्षेत्र निर्धारण गर्न समेत मद्दत पुऱ्याउनेछ । साथै यस्ता तथ्यांक तथा जानकारीहरूले स्थानीय योजनाकार, विकास कार्यकर्ताहरू, अनुसन्धानकर्ताहरू तथा आम नागरिकलाई महत्वपूर्ण योगदान गर्दछ । स्थानीय तहको बारेमा वृहत सुचना संकलन गरि विकासका विभिन्न पुर्बाधारहरूको वास्तविक स्थिति, ऐतिहासिक, सामाजिक, पुरातात्विक पृष्ठभुमि, भौगोलिक अवस्थिति, स्थानीय चाडपर्व, जात्रा, पारिवारिक स्थिति विवरण, जनसंख्या, बित्तिय, आधारभुत विवरण, पर्यटकिय स्थलहरूको विवरण, भु-उपभोग तथा स्वामित्व, आर्थिक क्रियाकलाप, रोजगारी, कृषि, भौतिक पूर्वाधार, शिक्षा, लगायतका विषयको एकिकृत तथ्याङ्कको आधारमा विकासका निम्ति प्राथमिकता पार्नुपर्ने क्षेत्रको पहिचान गरि नगरवासी तथा बाह्य आमजनमानसमा सूचना गरी जनचाहनाको आवश्यकता पहिचान गर्ने हेतुले नगरको सम्पुर्ण सूचना समेटी यस आठविसकोट नगरपालिकाको खण्डिकृत तथा एकिकृत वस्तुगत विवरण **Municipality profile** तयार पार्नका लागि विभिन्न व्यक्ती, संघ संस्था तथा परामर्शदाताबाट यो कार्य कार्यान्वयन गराउन यो कार्य क्षेत्रगत शर्त तयार पारिएको छ ।

# २. उद्देश्य

यस नगरपालिका क्षेत्र भित्र पर्ने सम्पूर्ण पुर्वाधार, ऐतिहासिक, पृष्ठभुमि, पारिवारिक अवस्था, विकासका स्थानीय तहको पहुँच, बाटोघाटोको अवस्था तथा पर्यटकीय क्षेत्र, सामाजिक, राजनीतिक, आर्थिक तथा सांस्कृतिक अवस्था समेतको पहिचान एवम् नगरपालिकाको योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन र मूल्यांकणको लागि आवश्यक तथ्यांक उपलब्ध गराई योजना निर्माण तथा बजेट तर्जुमालाई वास्तविक बनाउने, स्थानीय तहबाट प्रदान गरिने आधारभुत सेवा प्रवाहमा सूचना तथा संचार प्रविधिको प्रयोग गरी विद्युतीय शासन (E-governance) स्थापना गर्न सहयोग गर्ने र विद्युतीय शासन (E-governance) अनुरुप स्थानीय तहका आवश्यकताहरुलाई सम्बोधन गर्न कार्यालयमा थप आवश्यकताहरुको सकंलन तथा विश्लेषण गर्ने आधार तयार गर्नुका साथै स्तरोन्नतिका लागि गर्न सकिने उपायहरू समेटी सर्वेक्षणबाट संकलित तथ्यांक को आधारमा आठविसकोट नगरपालिकाको वस्तुगत विवरण **(Municipality profile)** तयार गर्ने ।

# ३. कार्यक्षेत्र

नगरपालिका क्षेत्रभित्र १४ वटै वडाहरू भित्रको आर्थिक, सामाजिक, सांस्कृतिक, राजनैतिक विषयहरू साथै यस क्षेत्रभित्रका बासिन्दाहरू संग प्रत्यक्ष वा अपत्यक्ष सरोकार राख्ने बिषयलाई समेटी सर सल्लाह तथा सुझाव अनुसार अध्ययन प्रतिवेदन तयार गर्ने ।

# ४. अध्ययनको विषयवस्तु

आठविसकोट नगरपालिकाको सामाजिक, आर्थिक, राजनैतिक तथा सांस्कृतिक पक्ष संग जोडिएका विषयहरू यो अध्ययन भित्र पर्नेछन् ।यस भित्र पर्ने तलका विषयवस्तुहरू मुख्यतः अध्ययनमा समेटिनु पर्नेछ ।

- ऐतिहासिक पृष्ठभुमि र नगरपालिकाको परिचय
- स्थानीय चाडपर्व तथा जात्रा, मेला, धार्मिक स्थल र पर्यटकिय स्थलहरू
- वर्तमान भु-उपयोग सम्बन्धि अवस्था र सिंचित क्षेत्रफलको विवरण
- नगर क्षेत्रमा भएका वन क्षेत्र, सामुदायिक वन र कबुलियत वन
- छिमेकि गाँपालिका/नगरपालिका/जिल्लासंगको आवगमनको अवस्था

नि. प्रमुख प्रशासकीय अधिकृत

- नगरपालिकाका अवसर, चुनौति र समस्याहरू
- विकासका सम्भावनाहरू कृषि, जलबिद्युत, पर्यटन, उद्योग आदि
- जनसंख्या र जनसंख्याकी उमेर, लिंग, फरक क्षमता, धर्म, जातीयता विविध विवरण वडागत रूपमा
- विद्यालय, क्याम्पस, अनौपचारिक शैक्षिक संस्थाहरूको विवरण वडागत रूपमा
- बालविकास केन्द्रको विवरण वडागत रूपमा
- भु-स्वामित्व सम्बन्धि विवरण
- पञ्जिकरणको विवरण
- स्वास्थ्य सेवा तथा पोषण
- नगरपालिकाको बार्षिक कार्यक्रमबाट लक्षित कार्यक्रमतर्फ भएको विनियोजन तथा खर्चको अवस्था
- खानेपानी श्रोत, अवस्था र खानेपानी संचालन समितिको विवरण
- सडक संचालनको विद्यमान अवस्था
- नगरपालिकाको शहरी तथा ग्रामीण विद्युतिकरण
- नगरपालिकामा दुर सञ्चार सम्बन्धि विवरण
- फोहरमैला व्यवस्थापन सम्बन्धि
- नगर सेवा प्रवाह सम्बन्धि विवरण
- व्यापारिक केन्द्रहरूको विवरण
- खेल, मैदा, पार्क तथा बाल उद्यान सम्बन्धि विवरण
- राष्ट्रिय तथा अर्न्तराष्ट्रिय गैरसरकारी संस्था
- घरेलु तथा विभिन्न औद्योगिक व्यापार व्यवसाय सम्बन्धि विवरण
- नगरपालिकाले संचालन गरेका प्रमुख कार्यक्रम तथा योजनाहरू
- नगरपालिकाका क्षेत्रभित्रका सरकारी कार्यालयहरू
- नगरपालिकाको संगठनात्मक ढांचा तथा हाल कार्यरत कर्मचारीहरूको विवरण
- नगरपालिकाको नक्सा तथा वडा कार्यालय रहेको स्थानको नक्सा
- नगरपालिका स्थित राजनीतिक दलहरू
- वन जंगल, घाँसे मैदान तथा अन्य भूमिको प्रयोगमा आएको परिवर्तन
- खेतियोग्य जमिनको प्रयोगमा विगत २० बर्ष देखि आएको परिवर्तनबारे विवरण
- बाल क्लब, महिला समुह, युवा क्लव, बृद्धा आश्रम बारे विवरण

नि. प्रमुख प्रशासकीय अधिकृत

- होटेल, रिसोर्ट तथा पर्यटकीय गन्तव्यका स्थानहरू
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको गाउँ/नगर वस्तुगत विवरण तयारी कार्यविधि २०७४ मा व्यवस्था भएका बस्तुगत विवरण समावेशि हुनुपर्ने सम्पूर्ण संस्थागत तथा पारिवारिक विवरण र विषयवस्तु
- माथि उल्लेखित सबै विवरणहरू वडागत रूपमा समेत उपलब्ध गराउनु पर्ने

## ४.१ तुलनात्मक चित्रमा विवरणः

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको गाउँ/नगर विवरण तयारी कार्यविधि २०७४ मा व्यवस्था भएका वस्तुगत विवरणमा समावेश हुनुपर्ने सम्पूर्ण विषयवस्तुहरूको वडागत र नगरस्तरीय तथ्यांक चित्रमा समेटिएको हुनुपर्ने ।

# ५.आवश्यक जनशक्ति

सम्बन्धित कार्यमा आवश्यक ज्ञान, सिप तथा अनुभव हासिल गरेका विकास योजनाविद, समाजशास्त्री, तथ्यांकशास्त्री, अर्थशास्त्री संस्थागत विकास विज्ञ संघ संस्था तथा कम्पनीहरूमा कार्य गरेको अनुभवी विषयगत विशेषज्ञबाट नगर प्रोफाइल तयार गर्नुपर्ने छ । साथै स्थानीय तहको प्रारम्भिक तथ्यांकमा आधारीत भै कम्तिमा ३ वटा नगर प्रोफाइल बनाएको अनुभव हुनुपर्ने छ ।आवश्यक अन्य मध्यम स्तरको जनशक्ति प्राप्त भएको हुनुपर्नेछ ।

# ६.कार्यविवरण

आठविसकोट नगरपालिकाको नगर प्रोफाइल तयार गर्ने छनोट भएको परामर्शदाताले यसै प्रस्तावको बुदां नं. ४ र ४.१ मा उल्लेख भएको विषयवस्तु बमोजिमको कार्यविवरण (TOR) को अधिनमा रही कार्य सम्पन्न गर्नुपर्नेछ ।

## ६.१ वस्तुगत विवरण तयारीका चरणहरू

- पहिलो चरण- वस्तुगत विवरणको ढाँचा, सर्बेक्षण औजार तथा विधि स्वीकृति
- दोश्रो चरण- बस्तुगत विवरण तयारी गोष्ठी तथा कार्य योजना स्वीकृति
- तेश्रो चरण- सर्बेक्षण वा तथ्यांक सकंलन
- चौथो चरण- तथ्यांक विश्लेषण, प्रस्तुति तथा श्रोत नक्सा तयारी

नि. प्रमुख प्रशासकीय अधिकृत

- पाँचौ चरण- वस्तुगत विवरण प्रमाणिकरण कार्यशाला
- छैंठौ चरण- वस्तुगत विवरण प्रमाणिकरण कार्यशाला
- सांतौ चरण- वस्तुगत विवरण तयारी र प्रकाशन

## ६.२ प्रस्तावकले गर्नुपर्ने कार्यहरू

- प्रारम्भिक तथ्यांक संकलनहरूको छनोट (तोकिएको योग्यता पुगेका स्थानीय व्यक्तिहरू)
- समावेश गर्नुपर्ने थप सूचकहरूका सम्बन्धमा वस्तुगत विवरण तयारी कार्यशाला गोष्ठी
- सफ्टवेयरद्वारा सम्पादन तथा निर्माण
- तथ्यांक संकलकलाई तालिम
- तथ्यांक संकलन सम्बन्धि वडा समितिका प्रतिनिधिहरूको समन्वयमा रही तथ्यांक संकलन गर्नुपर्ने छ ।
- तथ्यांक विश्लेषण
- नक्सा तयारी
- प्रतिवेदन तयारी
- मस्यौदा प्रतिवेदन प्रस्तुती

# ७. कार्यविधि

छनोट भएको परामर्शदाताको कार्ययोजना स्वीकृत भए पछी सम्झौता गरिने छ र सम्झौता भएपछि तुरून्त कार्य सुरू गर्नुपर्ने छ । सम्झौता भएको मितिले ६० दिन भित्रमा प्रारम्भिक प्रतिवेदन पेश गर्नुपर्नेछ ।

# ८. परामर्शदाताले पेश गर्नुपर्ने प्रतिवेदनः

परमर्शदाताले माथि उल्लेखित विवरणको मस्यौदा तयार गरि पेश गर्नुपर्नेछ । पेश भएका मस्यौदा प्रतिवेदन सरोकारवालाहरूको उपस्थितिमा छलफल तथा अन्तरक्रिया गराउनुपर्ने छ। अन्तरक्रिया प्रस्तुत सुझाव समेटी अन्तिम प्रतिवेदन पेस गर्नुपर्नेछ ।प्रतिवेदन अपर्याप्त भएको पाइएमा सुधार गरी ल्याउन सुझाव दिइनेछ । चार प्रति अन्तिम प्रतिवेदन र

नि. प्रमुख प्रशासकीय अधिकृत

सफ्टकपि सिडि वा पेन ड्राइभमा बुझाउनु पर्नेछ । प्रतिवेदनको भाषा नेपालीमा हुनेछ । **GIS shape file** समेत उपलब्ध गराउनु पर्नेछ ।

## ९. अनुमानित रकमः

स्वीकृत कार्यक्रम अनुसार वस्तुगत विवरण मस्यौदा तयार गर्नका लागि संस्था परामर्शदाताका लागि रू. ६ लाख देखी ७ लाखसम्म।- (अक्षरेपीः छ देखी सात लाख रूपैयाँसम्म) को लागत अनुमान तयार भएको छ । यही रकमको सिमा भित्र रहेर परामर्शदाताको प्रस्ताव स्वीकृत गरि कार्य सम्पन्न गर्न सम्झौता गरिने छ। सम्झौता भएपछि सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ एवम् आठविसकोट नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७५को अधिनमा रही पेश्की रकम उपलब्ध गराउन सकिने छ । परामर्शदाताको पारिश्रमिकमा नियम अनुसार लाग्ने कर पारिश्रमिक भुक्तानी दिंदा कर कट्टी गरिने छ।

## १०. प्राविधिक प्रस्ताव छनोटको अंक भार विभाजनः

- संस्थाको अनुभव तथा क्षमताः- (एक बर्ष अनुभव = ४ अंक) = २० अंक
- जनशक्तिको शैक्षिक योग्यता र कार्य अनुभव = ४० अंक
- कार्य सम्पादन गर्ने तरिका र कार्यक्षेत्रगत शर्त प्रतिको प्रतिबद्धता = २० अंक
- प्रविधि तथा भौतिक सामग्री तथा आर्थिक र व्यवस्थापकीय क्षमता =२० अंक

### १०.१ प्रस्ताव मुल्यांकन गर्ने तरिकाः

प्राविधिक प्रस्तावको अंकभार १०० कायम गरिएको छ । उत्तीर्ण अंक ५० प्रतिशत हुनेछ । प्राविधिक प्रस्तावमा उत्तीर्ण हुने प्रस्तावदाताको मात्र आर्थिक प्रस्ताव खोलिने छ । प्राविधिक तथा आर्थिक प्रस्तावको मुल्यांकन सार्वजनिक खरिद ऐन २०६३ सार्वजनिक खरिद नियमावली २०६४ एवम् आठविसकोट नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७५ बमोजिम हुने छ ।

## ११. परामर्शदाताको छनोट प्रक्रियाः

नि. प्रमुख प्रशासकीय अधिकृत

सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ एवम् आठविसकोट नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७५ तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको गाउँ/नगर वस्तुगत विवरण तयारी कार्यविधि २०७४ बमोजिम परामर्शदाताको छनोट गरिने छ ।

नि. प्रमुख प्रशासकीय अधिकृत